आज मिति २०८२।१२।११ गते बुधबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिलको कार्यसूचीमा रहेका प्रस्ताव माथि छलफल गरी आवश्यक निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | लक्ष्मी बहादुर खत्री | का. वडाध्यक्ष वडा नं. १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं.२ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष वडा नं.३ | — |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | — |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | — |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष वडा नं. १० | — |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रावती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | — |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | — |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

CamScanner

**बाणगङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाणगङ्गा, कपिलवस्तु ।**

## आ.व.०८२।८३ कार्यपालिका बैठक, मिति: २०८२।१२।११ गते, बैठक संख्या:११ को प्रस्ताव, कार्यसूची र निर्णयहरु

प्रस्ताव नं. ११.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. ११.२ महिला स्वयंसेविका हितकोष सम्बन्धमा,

प्रस्ताव नं. ११.३ रजिष्ट्रेशन दस्तुर छुट सम्बन्धमा,

प्रस्ताव नं. ११.४ लक्षित वर्गका सिप विकास तालिम सम्बन्धमा,

प्रस्ताव नं. ११.५ सार्वजनिक शौचालय निर्माण सम्बन्धमा,

प्रस्ताव नं. ११.६ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं. ११.७ विपन्न नागिरकहरुको लागि खानेपानी तथा सरसफाई अभियान सम्बन्धमा,

प्रस्ताव नं. ११.८ लक्षित वर्गका कार्यक्रम कार्यान्वयन सम्बन्धमा,

प्रस्ताव नं. ११.९ स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन समिति (LGPAS) सम्बन्धमा,

प्रस्ताव नं. ११.१० नदीजन्य पदार्थ ठेक्का सम्झौताको सम्बन्धमा

प्रस्ताव नं. ११.११ आय व्यय सम्बन्धमा,

प्रस्ताव नं. ११.१२ तराई मधेश समृद्धि कार्यक्रमको लागि योजना छनोट सम्बन्धमा,

प्रस्ताव नं. ११.१३ कार्यविधि स्वीकृत सम्बन्धमा,

प्रस्ताव नं. ११.१४ विविध ।

**मिति: २०८२।१२।११ गते, बाणगङ्गा नगरपालिका नगर कार्यपालिका बैठक संख्या: १[illegible] निर्णयहरु**

**प्रस्ताव नं. ११.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. ११.१** अघिल्लो कार्यपालिका बैठक मितिः २०८२।११।२६ मा बसेको र उक्त बैठकले नदीजन्य पदार्थको ठेक्का प्रकृयामा किर्ते कागजात पेश गर्ने निर्माण व्यवसायीलाई आवश्यक कारवाही अगाडी बढाउने, महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरी बेरुजु फछर्यौट र सेवा प्रवाहलाई नियमित गर्ने गरी आवश्यक प्रकृया अगाडी बढाईएको, योजना कार्यान्वयनको सिमिक्षा भएको कार्यालयको आम्दानी खर्च सार्वजनिक गरिएको लगाएतका कार्यहरु कार्यान्वयनमा आएकोले उक्त समिक्षा अभिलेख गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ११.२ महिला स्वयंसेविका हितकोष सम्बन्धमा,**

**निर्णय नं. ११.२** बाणगङ्गा नगरपालिकाको वडा नं ११ हथौसा स्वास्थ्य चौकी अन्तर्गत चेतिया गाउँमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा कार्यरत श्री जानकी थरुनी क्यान्सर रोगबाट गम्भिर रुपमा पिडित हुनु भएको हुनाले साथै निजको आर्थिक अवस्था पनि कमजोर रहेको बुझिएकोले बाणगङ्गा नगरपालिकाले जारी गरेको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका हित कोष संचालन कार्यविधी २०८० को दफा ४.३.३ को व्यवस्था अनुसार निज महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई आ.व. ०८२।०८३ मा सि.न.२३२ मा विनियोजित "महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका हित कोषः शिर्षकबाट खर्च हुने गरि राहत रकम रु.१,००,०००/- अक्षरुपी एक लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ११.३ रजिष्ट्रेशन दस्तुर छुट सम्बन्धमा,**

**निर्णय नं. ११.३** बाणगङ्गा नगरपालिका वडा नं. ३ स्थित सदिक्षा मल्टी प्रपोज विजनेस प्रा.लि.ले यस नगरपालिका वडा नं. ३ स्थित थ्रि.एस एग्रो रिसर्च सेन्टर प्रा.लि.को नामको साविक गजेहडा वडा नं. १ र ५ अन्तर्गतका निम्नानुसारका किन्ताहरु भएको जग्गा खरिद गर्न लागेको र रजिष्ट्रेसन दस्तुर वापत लाग्ने शुल्क छुटको लागि सिफारिस माग भई आएको र निवेदन अनुसार संलग्न कागजात र स्वीकृत प्रवन्ध पत्रको उद्देश्यमा उक्त कम्पनी उत्पादनमुलक कृषि कम्पनी भएको देखिन आएकोले सो भन्दा फरक कारोबार नहुने गरी उद्देश्य अनुसारको व्यवसाय प्रयोजनार्थ लुम्बिनी प्रदेश आर्थिक ऐनको अनुसूची-१, को (घ) बमोजिम नामसारी गर्दा लाग्ने रजिष्ट्रेसन शुल्क छुटको लागि सिफारिस दिने निर्णय गरियो।

**तपसिल**

| सि.नं. | नक्सा सिट | कित्ता नं. | क्षेत्रफल (ब.मि.) | सि.नं. | नक्सा सिट | कित्ता नं. | क्षेत्रफल (ब.मि.) |
|---|---|---|---|---|---|---|---|
| १ | १(क) | २२३० | २८७.८१ | ११ | ५(क) | १४२९ | ५४१.८२ |
| २ | ५(क) | १०७७ | १०१५९.१९ | १२ | ५(क) | १०४६ | ६७७२.८० |
| ३ | ५(क) | १०७९ | ६७७.२८ | १३ | ५(क) | १०७४ | ६७७२.८० |
| ४ | ५(क) | ११०६ | ८४६.६० | १४ | ५(क) | ११२० | १६९३.२० |
| ५ | ५(क) | १११२ | ३३८.६४ | १५ | ५(क) | १०६९ | ८४६.६० |
| ६ | ५(क) | १११४ | ४२३३ | १६ | ५(क) | १११९ | १६९३.२० |
| ७ | ५(क) | ११८ | ६७७.२८ | १७ | ५(क) | १०९० | ८४६.६० |
| ८ | ५(क) | १०६८ | ८४६.६० | १८ | ५(क) | ७२८ | ३७२.५० |
| ९ | ५(क) | १००० | ८४६.६० | १९ | ५(क) | ७२९ | ३७२.५० |
| १० | ५(क) | १०६७ | ८४६.६० | | | | |

**प्रस्ताव नं. ११.४ लक्षित वर्गका सिप विकास तालिम सम्बन्धमा,**

**निर्णय नं. ११.४** बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नगर विकास योजना किताबको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक तर्फको बजेट तथा कार्यक्रमहरुबाट तपसिल बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

| क्र. सं. | कार्यक्रम | बजेट | सहभागी | अवधी |
|---|---|---|---|---|
| १ | पेज नं. १४६ सि.नं. २९२ क्रम सं. १ संकेत नं.२२५२२ को नेपाल सरकार – समानिकरणमा रहेको महिलाहरुका लागि सीप, नेतृत्व तथा क्षमता विकास कार्यक्रम अन्तर्गत डिजिटल साक्षरता तथा डिजिटल सेवा (Online Business) प्रवर्द्धनका लागि क्षमता विकास तालिम | रु.४,५०,०००।- | २२ जना | १८० घण्टा |
| २ | पेज नं. १४६ सि.नं.२९५ क्र.सं.४ संकेत नं. २२५२२ नेपाल सरकार – समानिकरण अन्तर्गत नगरभित्रका एकल महिलाहरुका लागि आत्महत्या रोकथाम तथा मनोविमर्श सम्बन्धी तालिम | रु.२,००,०००।- | ४० जना | १५ दिने |
| ३ | पे.नं. १४६ सि.नं.३०० क्र.सं. ९ संकेत नं. २२५२२ राजस्व बाँडफाँड - संघ अन्तर्गत युवा महिलाहरुका लागि ड्राइभिङ्ग तालिम | रु.४,५०,०००।- | २५ जना | १८० घण्टा |
| ४ | पे.नं. १४८ सि.नं. ३१९ क्र.सं.२८ संकेत नं. २२५२२ प्रदेश – समानिकरणमा रहेको दलित युवाहरुका लागि सीप विकास कार्यक्रम अन्तर्गत मिग वल्डिङ्ग तालिम | रु.३,००,०००।- | २० जना | १८० घण्टा |

**प्रस्ताव नं. ११.५ सार्वजनिक शौचालय निर्माण सम्बन्धमा,**

**निर्णय ११.५** बाणगङ्गा नगरपालिका वडा नं. ५ स्थित कोपवा बजारमा सार्वजनिक शौचालय निर्माण गरी व्यवस्थापन गर्न प्रतिवद्दता सहित निर्णय भई आएकोले विपन्न नागरिकहरुका लागि खानेपानी तथा सरसफाई अभियान कार्यक्रम शिर्षकबाट रु.१५लाख छुट्टाई बाणगङ्गा नगरपालिका वडा नं. ५ कोपवामा सार्वजनिक शौचालय निर्माण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ११.६ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा,**

**निर्णय ११.६** चालु आ.व.२०८२/०८३ को नगर विकास योजनाको कितावको (प्रधानमन्त्री रोजगार) राष्ट्यि रोजागार प्रवर्द्धन कार्यक्रम अन्तर्गत सि.न.९६ र ९७ आन्तरिक रोजगार सिर्जना/ प्रवर्द्धनका कार्यक्रम क्रियाकलप सञ्चालन निर्देशिकामा तोकिय बमोजिम संचालन गर्ने र क्रियाकलाप कार्यान्वयनको लागि स्थानीय तह वाट समेत छुट्टईएको रकम र संघको बजेट साझेदारी गरी संघको बजेट रकम रु. ४,७२,०००।-(चार लाख बहत्तर हजार मात्र) श्रमिकको ज्यालामा र आन्तरिक श्रोतको बजेट ५,००,०००/- (पाँचलाख मात्र) योजानामा आवश्यक सामाग्रीमा खर्च हुने गरी नगर स्तरिय १ मात्र योजना वडा न ७ को खारखानी पिकनिक स्पोर्ट तथा पार्कमा नाली निर्माण र यस क्षेत्रमा सरसफाई छनोट गरिएको ले यस योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

CamScanner

**प्रस्ताव नं. ११.७ विपन्न नागिरकहरुको लागि खानेपानी तथा सरसफाई अभियान सम्बन्धमा,**

**निर्णय नं. ११.७** पूर्ण सरसफाई अभियानको लागि यस नगरपालिका अन्तर्गत खानेपानी तथा शौचालय नभएका विपन्न नागरिकहरुको घरमा शौचालय निर्माण तथा धारा जडान कार्यको लागि सेवा प्रदायक संस्था वा कुनै निकायबाट पूर्ण सरसफाई कार्यक्रम सञ्चालन एक घर एक धारा कार्यक्रम र एक घर एक चर्पी कार्यक्रमको लागि उपरोक्त बमोजिमको लागत साझेदारीमा धारा जडान तथा शौचालय निर्माण गर्न लागत साझेदारी हुने निश्चित भई वडा समितिको निर्णय सहित वडा कार्यालयबाट सिफारिस भई आएमा निम्नानुसारको रकम उपलब्ध गराउने गरी सम्झौता गरी अगाडी बढाउने निर्णय गरियो।

| सि.नं. | कार्यक्रम | अधिकतम ल.ई. | नगरपालिकाको लागत साझेदारी (६०%) | सम्बन्धित निकायको लागत साझेदारी (४०%) |
|---|---|---|---|---|
| १ | शौचालय निर्माण | ३५५००।- | २१३००।- | १४२००।- |
| २ | धारा जडान | ११७००।- | ७०००।- | ४७००।- |
| धारा जडान गर्दा रु.७०००।– भन्दा बढी लागत अनुमान भएमा सम्बन्धित निकायले लागत व्यहोर्ने नगरपालिकाले सम्झौता गरिएको संस्थालाई धारा जडान सम्पन्न पश्चात रु.७०००।– एकमुष्ट उपलब्ध गराउने। | | | | |

**प्रस्ताव नं. ११.८ लक्षित वर्गका कार्यक्रम कार्यान्वयन सम्बन्धमा,**

**निर्णय नं. ११.८** भाद्र २३ र २४ गतेको जेन्जि आन्दोलन तथा फाल्गुण २१ गतेको प्रतिनिधि सभा सदस्य निर्वाचनका कारण बजेटको सुनिश्चितता नहुँदा सो अवधिमा लक्षित वर्गका कार्यक्रमहरु सञ्चालन गर्न नसकिएको र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाबाट एकैचोटी सबै कार्यक्रमहरु सञ्चालन गर्न समयावधी छोटो भएका कारण सम्बन्धित क्षेत्रमा काम गर्ने संस्थाहरुबाट नगरपालिकाको स्वीकृत खर्च नम्समा रहेर तपसिल बमोजिमका कार्यक्रमहरु सञ्चालन गराउने निर्णय गरियो।

| क्र. सं. | पेज नं. | सि.नं | कार्यक्रम विवरण | बजेट | कार्यक्रम सञ्चालन गर्ने संस्था |
|---|---|---|---|---|---|
| २४ | १४७ | ३१५ | बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको हेरचाह, शिक्षा तथा व्यवस्थापन सम्बन्धी तालिम | १ लाख | बौद्धिक अपाङ्ग अभिभावक संघ, कपिलवस्तु। |
| २५ | १४७ | ३१६ | बौद्धिक अपाङ्गता भएका विद्यार्थीले अध्ययन गर्ने बालबालिकाहरुका अभिभावक समुदायीक विद्यालयमा कार्यरत  अपाङ्गता भएका शिक्षक, स्रोत शिक्षक विद्यालयका प्र.अ. सँग समावेशी शिक्षा सम्बन्धी अन्तर्क्रिया कार्यक्रम | १ लाख | बौद्धिक अपाङ्ग अभिभावक संघ, कपिलवस्तु। |
| २६ | १४८ | ३१७ | बहिरा अपाङ्गता भएका व्यक्तिहरुका लागि लैंगिक हिंसा, बलात्कार तथा अन्य यौनजन्य दुर्व्यवहारबाट संरक्षण सम्बन्धी सचेतनामूलक कार्यक्रम | ५० हजार | बहिरा संघ, कपिलवस्तु। |

**प्रस्ताव नं. ११.९ स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन समिति (LGPAS) सम्बन्धमा,**

**निर्णय नं. ११.९** स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८२ अनुसार यस नगरपालिका र अन्तर्गतका कार्यालयहरुले आर्थिक वर्ष २०८१।०८२ को सुशासन तथा संस्थागत विकास, आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन लगायतका क्षेत्रहरुका सूचकहरुको अध्ययन गरी LGPAS प्रणालीमा प्रमाणहरु अपलोड गर्दा हालसम्म ८३% अंक देखिएको र त्यसलाई कम्तिमा ९०% भन्दा बढी हुने गरी २०८२ चैत्र १५ गते भित्र पेश गर्ने टाईमलाईन प्राप्त भएको हुँदा निर्धारित समयभित्र पेश हुने गरी कम्तिमा १४ गते भित्र सबै शाखाहरुले सूचकहरुका कार्यक्रमका प्रगति तथा सो संग सम्बन्धित प्रमाणहरु जुटाउन जानकारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ११.१० नदीजन्य पदार्थ ठेक्का सम्झौताको सम्बन्धमा**

**निर्णय नं. ११.१०** यस बाणगङ्गा नगरपालिकाको बाणगङ्गा नदी अन्तर्गतका विभिन्न नाकाहरुमा ठेक्का सकार गरेका व्यवसायीहरुलाई मितिः२०८२।११।४ गते सम्झौताको लागि पत्राचार गरिएकोमा हालसम्म सम्झौता गर्न नआएको सम्बन्धमा छलफल गर्दा हेवी ईक्विपमेन्ट चलाउने विषयमा विवाद भएकोले ठेक्का सम्झौता गर्न नआएको भन्ने बुझिएकोले आवश्यक समन्वय गरी विवाद समाधान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११.११ आय व्यय सम्बन्धमा,**

**निर्णय नं. ११.११** यस बाणगङ्गा नगरपालिकाको चालु आ.व.२०८२।०८३ को २०८२ फागुन मसान्त निम्नानुसारको आय व्यय भएकोले सोही अनुसार आय व्यय विवरण सार्वजनिक गरि अभिलेख गर्ने निर्णय गरियो ।

| सि.नं. | स्रोत | रकम | प्रतिशत | क्षेत्र | खर्च रकम | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | संघीय सरकारबाट | ३५३०२७५६० | ४९.५८ | चालु खर्च | ३१७५४८८१८ | ४१.४९ |
| २ | प्रदेश सरकारबाट | १७४४०००० | ३७.९७ | पूजीगत | ५६५६२४६९ | १०.७८ |
| ३ | राजस्व बाँडफाँड | ११३५९५९४२ | ४३.५९ | | | |
| ४ | आन्तरीक स्रोत | १९७८३२७१५ | ८५.४४ | | | |
| ५ | जनसहभागिता | ३३२०३४४ | ८.३ | | | |
| कूल आम्दानी | | ६८५२१६५६१ | ५३.१ | कूल खर्च प्रतिशत | | २८.९९ |

**प्रस्ताव नं. ११.१२ तराई मधेश समृद्धि कार्यक्रमको लागि योजना छनोट सम्बन्धमा,**

**निर्णय नं. ११.१२** आर्थिक वर्ष २०८३।०८४ को लागि तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत योजना छनोट गरी संघीय मन्त्रालयमा पठाउनुपर्ने भएकोले निम्नानुसारका योजनाहरु छनोट गरी पठाउने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | योजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | पिपरा अस्पताल भवन निर्माण, वडा नं. २ | १,५०,००,०००।- | |
| २ | बाणगङ्गा नदी नियन्त्रण तटबन्ध निर्माण वडा नं. ८ | १,५०,००,०००।- | |
| ३ | वैदौली देखि मनहरापुर जाने सडक स्तरोन्नती वडा नं. ६ | १,५०,००,०००।- | |

**प्रस्ताव नं. ११.१३ कार्यविधि स्वीकृत सम्बन्धमा,**

**निर्णय नं. ११.१३** यस नगरपालिकाको विधायन समितिबाट सिफारिस भई आएका निम्नानुसारका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यविधि | कैफियत |
|---|---|---|
| १ | सहकारी संस्था अनुगमन तथा नियमन सम्बन्धी कार्यविधि, २०८२ | |
| २ | लक्षित समूह/समुदायका लागि सीपमूलक, व्यवसायीक तालिम तथा अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ | |

**प्रस्ताव नं. ११.१४ विविध ।**

**निर्णय नं. ११.१४.१** बाणगङ्गा नगरपालिका ११ नं. वडा कार्यालयको मिति २०८२।१२।०९ गतेको आर्थिक सहयोगका लागि सिफारिस गरिएको पत्रानुसार प्रेम सागर थारुको श्रीमती शल्यक्रियाबाट जुम्ल्या बच्चाको जन्म भएको र जन्म भएको भोलिपल्टै आमाको मृत्यु भएकोले बच्चाहरुलाई बचाउनको लागि घरको आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोगको लागि सिफारिस भई आएकोले स्याहार सम्भार र पोषणयुक्त आहार व्यवस्थापन गर्न बच्चाको बुवा प्रेमसागर थारुलाई विपद व्यवस्थापन कोष शिर्षकबाट रु.३०हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner